नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
सानोठिमी, भक्तपुर

# २०७५ चैत्रमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) मा सहभागी हुने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने/भराउने सम्बन्धी सूचना

२०७५ सालको एसईई परीक्षामा सहभागी हुनका लागि शैक्षिक सत्र २०७५सालमा कक्षा १० मा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुले (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय र प्राविधिक धार तर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरु समेत) **२०७५ आश्विन २१ गतेदेखि मंसिर ७ गतेभित्र** आवेदन फाराम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा शाखा, शिक्षा विकास तथा समन्वय एकाई, राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय तथा प्रदेश शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. साधारण तथा प्राविधिक धारतर्फका विद्यालयमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि

हाल कक्षा १० मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत विदयार्थीहरूले : **(क)** रजिष्ट्रेसनको अर्धकट्टीको प्रतिलिपि **(ख)** शैक्षिक सत्र २०७३ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि **(ग)** शैक्षिक सत्र २०७४ वा सोभन्दा पहिले कक्षा ९ उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि र **(घ)** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी आवेदन फाराम भरी **२०७५ मंसिर ७ गतेभित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

## २. खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि

(क) दुर शिक्षा/खुला सिकाई कार्यक्रम सञ्चालन निर्देशिका,(संशोधन सहित) २०६३ को दफा १५ र १७ अनुसार भर्ना भइ निर्देशिकाले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिससहित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी **२०७५ मंसिर ७ गतेभित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ । विद्यार्थीहरूले शैक्षिक सत्र २०७२ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसहित पेस गर्नुपर्ने छ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै सर्तहरू पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी पासपोर्ट साइजको दुईप्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी **२०७५ मंसिर ७ भित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

३. विद्यालयहरुले उल्लिखित बुँदा नं. १ र २ अनुसार आवेदन फाराम भर्ने विद्यार्थीहरूको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठीकसँग भरे नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी अंग्रेजी बर्णानुक्रम (Alphabet) अनुसार फारामहरु राखी समष्टिगत र फारामको क्रम मिले नमिलेको जाँच गरी **२०७५ मंसिर २० गते भित्रमा** उक्त फाराम शिक्षा विकास तथा समन्वय एकाईमा बुझाइ सक्नुपर्ने छ । फाराम र समष्टिगतको क्रम नमिलाई सिम्बोल नम्बर फरक पर्न गएमा सम्बन्धित प्र.अ. नै जवाफदेही हुनु पर्ने छ ।

४. शिक्षा विकास तथा समन्वय एकाईले साधारण, प्राविधिक धार, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढतर्फका विद्यार्थीहरूको प्राप्त फारामका कायम भएको रजिष्ट्रेसन नम्बर रूजु गरी एसईई परीक्षा प्रयोजनको निम्ति सिम्बोल नम्बरसमेत कायम गरी फाराम स्वीकृत गर्नुपर्नेछ ।

५. सिम्बोल नम्बर कायम गर्नु अगाडि परीक्षा समन्वय समितिबाट परीक्षा केन्द्र को निर्णय गराई एकै केन्द्रका सवै विद्यालयहरुको सिम्बोल नम्बर क्रमश कायम गर्ने । स्वीकृत फारामको अभिलेख प्रति (Office Copy) राष्ट्रिय परीक्षा बोर्डले माग गरेको वेला प्रस्तुत गर्ने गरी सुरक्षित राख्ने र प्रवेशपत्र (Admit Card) को भाग शिक्षा विकास तथा समन्वय एकाईले सम्बन्धित विद्यार्थीले परीक्षाको समयमा प्राप्त गर्ने गरी विद्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाउने । अभिलेख प्रति (परीक्षार्थीको पूरा विवरण भएको)बाट कम्प्युटर Entry गरी Electronic copy र प्रमाणित Hard copy र समष्टिगत फाराम समेत संलग्न गरी मिति **२०७५ पुष २० गतेसम्ममा** राष्ट्रिय परीक्षा बोर्ड,परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा आइपुग्ने गरी पठाइ सक्नुपर्ने छ ।

६. परीक्षा केन्द्र निर्धारण गर्दा गतबर्ष कायम भएका परीक्षा केन्द्रहरु नबढ्ने गरी निर्देशिकाले निर्धारण गरेका आधारहरुमा आफ्नै विद्यालय (Home Centre) नपर्ने गरी गर्नुपर्नेछ । प्राविधक धार तर्फका परीक्षार्थीहरु र पुरानो पाठ्यक्रम अनुसार ग्रेडबृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको परीक्षा केन्द्र सदरमुकाममा कायम गर्नुपर्नेछ । परीक्षा केन्द्र थप नगरी नहुने अवस्था भएमा त्यसको औचित्य पुष्ट्याई सहित राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० बाट पूर्व स्वीकृति लिएर मात्र थप गर्नुपर्नेछ ।

७. माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० मा सम्मिलित हुन परीक्षा आवेदन फाराम भरेका परीक्षार्थीहरुको केन्द्र परिवर्तन हुने छैन ।

८. २०७५ को माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० मा सम्मिलित हुन कक्षा १० मा ७५ प्रतिशत हाजिर भई विद्यालयमा नियमित रुपमा अध्ययन गरेको विद्यार्थी हुनुपर्नेछ । खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थीहरुको हकमा खुला विद्यालय सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

९. नियमित तर्फको परीक्षामा सम्मिलित हुन योग्य भएका परीक्षार्थीहरुको विवरण सहित प्रति परीक्षार्थी राजश्व शुल्क रु.५०० (पाँचसय) लिएर तथा अयोग्यहरुको प्रवेशपत्र सहितको विवरण विद्यालयहरुले २०७५ फागुन १० गते भित्र शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउने र सोही बमोजिम दस्तुर बुझाएको राजस्व भौचरको प्रमाणित प्रतिलिपिको विवरण शिक्षा विकास तथा समन्वय इकाईहरुले राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा उपलब्ध गराउनु पर्नेछ । इकाईले २०७५ फागुन १५ गते भित्र राजश्व खाता नं. १४२२३ मा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१०. ग्रेड बृद्धि परीक्षा सम्बन्धमा :**

क. विगतको (SEE) परीक्षामा कुनै पनि विषयमा C वा C भन्दा कम ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले उक्त विषयहरुमा ग्रेड बृद्धि गर्न चाहेमा ग्रेडबृद्धि फाराम भर्न सक्नेछन् ।

ख. उक्त फाराम भर्दा देहायका कागजात संलग्न गरी परीक्षा शुल्क प्रति परीक्षार्थी रु.५०० (पाँच सय) सहित आ-आफ्नो विद्यालयमा २०७४ मंसिर ७ गतेभित्र आवेदन फाराम बुझाउनुपर्नेछ ।

- रजिष्ट्रेशन स्लिपको प्रतिलिपि
- ग्रेडशिटको प्रतिलिपि
- अनुपस्थित वा अन्य कारणले ग्रेडशिट प्राप्त नभएकाहरुले विद्यालयमा प्राप्त लेजर र प्रवेशपत्रको प्रतिलिपि

ग. पुरानो पाठ्यक्रम (२०७३ अघिको) र नयाँ पाठ्यक्रम २०७४ अनुसार विद्यालयहरुले वेग्ला वेग्लै फाइल खडा गरी राजश्व सहित २०७५ मंसिर १४ गतेभित्र शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउनुपर्नेछ ।

घ. शिक्षा विकास तथा समन्वय इकाईले प्राप्त आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी परीक्षा केन्द्रगत रुपमा सिम्बोल नम्बर कायम गरी शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले अभिलेख प्रति (परीक्षार्थीको पूरा विवरण भएको) बाट कम्प्युटर Entry गरी Electronic copy र प्रमाणित Hard copy र समष्टिगत फाराम समेत संलग्न गरी मिति **२०७५ पुष २० गतेसम्ममा** राष्ट्रिय परीक्षा बोर्ड,परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा आइपुग्ने गरी पठाइ सक्नुपर्ने छ ।

११. २०७५ सालको एसईई परीक्षाका लागि आवेदन फाराम भर्ने नियमित तर्फका साधारण, संस्कृत तथा प्राविधिक धारतर्फका विद्यार्थीको उमेर शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ७८(६) बमोजिमको उमेर पूरा (**२०६१ चैत्र मसान्तसम्मको जन्ममिति**) भएको हुनुपर्नेछ ।

१२. **आवेदन फाराम भर्ने विद्यार्थीले आफू नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट मात्र आवेदन फाराम भर्नुपर्नेछ ।** एकभन्दा **बढी विद्यालय वा स्थानबाट फाराम भरेको पाइएमा त्यस्ता दुबैतर्फका फारामहरु रद्द गरिनेछन् ।**

१३. शिक्षा विकास तथा समन्वय एकाईले शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ८० (२) को प्रावधान अनुसार रजिष्ट्रेशन भरेको विद्यालय भन्दा फरक विद्यालयबाट फाराम भर्नुपर्दा दिएको भर्ना अनुमति पत्रको विवरण यसै फाराममा संलग्न गरी परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा पठाउनुपर्नेछ ।

१४. सम्बन्धित सबै प्रदेश शिक्षा विकास निर्देशनालयहरूले यसै सूचना बमोजिम आ-आफ्ना प्रदेश अर्न्तगतका जिल्लाहरूमा तथ्याङ्क Entry गर्ने गराउने लगायतका आवश्यक कार्यमा समन्वय गरिदिनुहुन अनुरोध छ ।

**यस सम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं.०१–६६३०८१९ मा सम्पर्क गरेर वा Website : www.neb.gov.np हेरेर प्राप्त गर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**